पर्सा जिल्लाको परवानीपुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक गाई/भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३६ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पुस ०६ गतेदेखि ०८ गतेसम्म बारा जिल्लाको क्षेत्रिय कृर्षि अनुसन्धान केन्द्र परवानिपुरमा **"ब्यवसायिक गाई/भैंसीपालन तालिम"** सम्पन्न गरेको संस्थाका परवानीपुर शाखा कार्यालयका शाखा प्रमुख श्री नन्दुनाथ कवंरयोगीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु डा. हेमचन्द्र जैसवार, श्री बिकास जि.सि., श्री चन्द्रिका पटेल, शाखा प्रमुख श्री नन्दुनाथ कवंरयोगी तथा क्षेत्रीय कार्यालय बिरगंजका कार्यक्रम अधिकृत श्री अजिमुल्लाह दर्जि रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री अजिमुल्लाह दर्जिले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको परवानीपुरका शाखाका प्रमुख श्री नन्दुनाथ कवंरयोगीले प्रकाश पारेका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामिण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायिक साक्षरता र सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आईरहेको छ। संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।



भैंसीपालन परिचय, गाई/भैंसीपालनको महत्व, नेपालमा पालिने विभिन्न स्थानीय तथा उन्नत नश्लका गाई/भैंसीको जातिय परिचय, कमी कमजोरी, संरक्षण तथा विकास, दुग्ध उत्पादनमा

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

गाई/भैंसीको योगदान, दुधालु गाई/भैंसी छनौट गर्ने प्रक्रिया र यसको महत्व गाई/भैंसीको भाले खोज्ने उमेर, भाले खोजेको समय पत्ता लगाउने, भाले लगाउने उत्तम समय र पहिचान गर्ने तरीका । रोगी तथा निरोगी गाई/भैंसीको पहिचान गर्ने तरिका, रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स रोगका मुख्य मुख्य कारण, लक्षण, उपचार तथा रोकथामका उपायहरु, गाई/भैंसीपालन विधि, उमेर र अवस्था अनुसार गाई/भैंसी, बाच्छा बाच्छी, पाडा पाडीलाई भुई (ठाउँको आवश्यकता तथा स्थानीय श्रोत साधनको प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिका बारे जानकारी, ब्याउने गाई/भैंसी, दुहुना गाई /भैंसी तथा बाच्छा र बाच्छी, पाडा/पाडीको हेरचाहको साथै बिगौती दुध र यसको महत्व बारे जानकारी, दुहुना गाई/भैंसीको लागि हरियो घाँस तथा सन्तुलित दानाको महत्वको साथै स्थानीय श्रोतबाट उपलब्ध कच्चा पदार्थहरुको प्रयोग गरी सन्तुलित दाना बनाउने प्रविधि बारे जानकारी, दुधालु गाई/भैसीको लागि बर्षै भरि हरियो घाँस उत्पादन गर्ने तरिका बारे जानकारी, उन्नत गाई/भैंसीपालन ब्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका र यसको महत्व, गाई र भैसीपालन ब्यवसायको बजार ब्यवस्थापन, बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको परवानिपुर शाखाका प्रमुख श्री नन्दुनाथ कवंरयोगीले बताएका थिए । ब्यवसायिक रुपमा भैंसीपालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री अजिमुल्लाह दर्जिले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री चन्द्रावती देबी र श्री शान्ती श्रीवास्तवले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा भैंसिपालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 